सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

## म.प. बैठक संख्या २४६/०८३ देखि २४९/०८३ सम्मका निर्णयहरू

**१. संवत् २०८३ साल जेष्ठ २५ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को २४६औं बैठकले गरेका निर्णयहरू —**

| क्र.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्वेक्षण मापदण्ड, २०८३ को मस्यौदा स्वीकृत गर्ने। |
| २. | सामाजिक विकास मन्त्रालय | प्रादेशिक आयुर्वेद चिकित्सालय व्यवस्थापन समितिको अध्यक्ष पदमा श्री कर्ण बहादुर बलायरलाई मनोनित गर्ने। |

**२. संवत् २०८३ साल असार १ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को २४७औं बैठकले गरेका निर्णयहरू**

| क्र.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सुदूरपश्चिम प्रदेश आर्थिक विधेयक, २०८३, सुदूरपश्चिम प्रदेश विनियोजन विधेयक, २०८३, आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको अनुमान तथा आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य सुदूरपश्चिम प्रदेश सभामा पेस गर्न माननीय आर्थिक मामिला मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |

**३. संवत् २०८३ साल असार ४ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को २४८औं बैठकले गरेका निर्णयहरू**

| क्र.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था एवं अन्य प्रचलित कानून बमोजिम विभिन्न मितिमा माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश भई प्राप्त भएका देहायका संवैधानिक निकायका बार्षिक प्रतिवेदनहरु प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।<br>१. श्री थारू आयोग, नेपालको सातौं वार्षिक प्रतिवेदन (आ.व.२०८१/८२), थान-१ ।<br>२. श्री मधेशी आयोगको सातौं बार्षिक प्रतिवेदन (आ.व. २०८१/८२), थान-१ ।<br>३. श्री मुस्लिम आयोगको सातौं वार्षिक प्रतिवेदन (आ.व. २०८१/८२), थान-१ ।<br>४. श्री महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन, २०८३, सुदूरपश्चिम प्रदेश, थान-१ । |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | <u>प्रदेश सचिवहरूको सरूवा तथा काज</u><br>- प्रदेश सचिव श्री देवराज जोशीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सामाजिक विकास मन्त्रालयको प्रदेश सचिव पदमा कामकाजमा खटाउने।<br>- प्रदेश सचिव श्री ओमबहादुर खड्कालाई प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा काज फिर्ता गर्ने।<br>- प्रदेश सचिव श्री मदन दाहाललाई अर्को व्यवस्था नभएसम्मका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अतिरिक्त समूहमा पदाधिकार सार्ने।<br>- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव श्री तेज प्रकाश जोशीलाई अर्को व्यवस्था नभएसम्मका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रदेश सचिव पदको समेत थप जिम्मेवारी तोक्ने।<br>- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव श्री विमल प्रसाद बराललाई अर्को व्यवस्था नभएसम्मका लागि प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेशको सचिव पदको समेत थप जिम्मेवारी तोक्ने। |

**४. संवत् २०८३ साल असार १८ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को २४९औं बैठकले गरेका निर्णयहरू**

| क्र.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूचीमा हेरफेर गर्ने। |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ र २ मा हेरफेर गर्ने। |